B041

कमैयाहरूको वर्तमान सामाजिक आर्थिक वस्तुस्थितिको प्रारम्भिक मस्यौदा

प्रतिवेदन

जिल्ला : बर्दिया

२०४८

अनैपचारिक क्षेत्र सेवा केन्द्र
स्युचाटार, कलंकीस्थान
काठमाडौं

विषय सूचि

पेज नं.

१.	बर्दिया जिल्लाको परिचय	३
२.	कमैया प्रथाको परिचय र कमैयाको परिभाषा	३
३.	अध्ययनको उद्देश्य	४
४.	अध्ययनको क्षेत्र र अध्ययनको तरिका	४
५.	पर्न आएका अड्चनहरु	५
६.	कमैया प्रथाका मान्यता र कारणहरु	७
७.	कमैयाहरुको आर्थिक बस्तुस्थिति	८
	क. कर्जा, साँकी, ऋण, सापटको मर्का	८
	ख. व्याज र हर्जानाको मर्का	१०
८.	कमैयाले पाउने सुविधा र त्यसको अन्तरंग अध्ययन	१२
	क) मस्यौरा र कमैया राख्ने/बस्ने शर्त	१६
	ख) विगाहा	१३
	ग) अन्य सुविधाहरु	१४
९.	कमैया र मालीकको सम्बन्ध	१५
१०.	अस्वस्थ कमैया प्रथाको उन्मुलन कसरी ?	१६
११.	अनुसूचि: अध्ययन गरिएका गा. वि. स. हरुको नाम	१७

Digitized By: Bimal Chandra Sharma

जिल्लाः बर्दिया

कमैयाहरुको बर्तमान सामाजिक आर्थिक वस्तुस्थितिको प्रारम्भिक मस्यौदा प्रतिवेदन

१. बर्दिया जिल्लाको परिचय :

व्यापक रुपमा खेती मजदुरका लागि कमैया प्रथा स्वीकार गर्दै आएको नेपाल अधिराज्यको ७५ जिल्लाहरुमध्ये भारतीय सिमाना सँग दक्षिण तिर जोडिएर रहेको बर्दिया जिल्ला, भेरी अञ्चलमा पर्दछ । यस जिल्लाको पूर्बमा माननदी बाँके जिल्ला, पश्चिममा कर्णाली नदी (कैलाली जिल्ला) र उत्तरमा चुरे रेञ्ज सुर्खेत जिल्ला पर्दछन् । अधिकांश जंगलले ढाकिएको मानिने बर्दिया जिल्लाको ठूलो भाग' "शाहि बर्दिया राष्ट्रिय निकुञ्ज" ले उत्तर पट्टि चुरेपहाड देखि पश्चिम पट्टि गेरुवा नदीसम्म ढाकेको छ ।

यो जिल्ला भएर कर्णाली नदीका दुइ ठूलाठूला भंगाला, गेरुवा कर्णाली नदी, बुढीकुलो, बघैनदी भादा नदी माननदी बग्दछन् । जंगल कटानी क्षेत्र र नदि कटान क्षेत्रको रुपमा ज्यादै असंतुलित हुदै गएको भूवनौटबाट यस जिल्लाको भौगोलिक र मौसमिक परिवर्तनहरु छिटो छिटो हुदै गएका छन् ।

सन् १८५७ देखि पैले मुसलमान र शाहहरुको रियासत रहेको बर्दिया जिल्ला सन् १८५७ को लखनौ विद्रोह पछि नेपाललाई हस्तान्तरण गरियो । जसको कारण यसलाई नयाँ मुलुक पनि भनिने गर्दछ । यो जिल्ला २०१६ साल सम्म राणा परिवारहरुको क. बिर्ताको रुपमा रहेको थियो । यस जिल्लामा ४-५ दशक पहिले देखि दाङबाट थारुहरु आइ बसोवास गरी खेतिपाति गर्ने प्रचलन अव आएर नेपाल अधिराज्यका अधिकांश जिल्लाहरुबाट बसोवास गरी खेती गर्ने र बसाइ सर्ने चलन सामान्य भइ सकेको छ । बर्दिया जिल्लाको १९६७ सालको नापीबाट ८१,००० बिगाहा आवादी जमीन थियो । जसमध्ये ५४००० बिगाहा जमीन रैतान नम्बरी र २७००० बिगाहा जमीन जिमिन्दारी शिर थियो । क्रमशः २०२१ सालमा रैतान नम्बरी ३०८११ बिगाहा र ५१९७३ बिगाहा शिर जिरायत जमीन थियो ।

२०२२ सालमा यस जिल्लाको

१. मोहीको परिवार संख्या ९०१८

२. जग्गावालाहरुको संख्या ३,८८६

३. जग्गावालाबाट निस्केको हदवन्दी भन्दा बढि जग्गा बिगाहा २७,२१२

४. कूल जग्गा बिगाहा ८७८४५ थियो ।

यसरी यस जिल्लाको खेती योग्य जमीन र त्यसको स्वामित्वको ऐतिहासिक पृष्ठ भूमि अगाडि बढ्दै जाँदा कमैया प्रथाकोउत्पत्ति पनि सँगसँगै आएको पाइन्छ ।

२. कमैया प्रथाको परिचय र कमैयाको परिभाषा

क. कमैया प्रचलनको परिचय :

बर्दिया जिल्लाका अधिकांश किसान र जग्गावालाले खेती गर्नको निमित्त कमैया राखेका हुन्छन् । बर्दियाका ३४ गा. वि. स. का सामान्यत सबै वडाहरु तथा गाउँहरुमा कतैथोरै कतै धेरै कमैया वर्गको बाहुल्यता छ । अविरल भूमिमा काम गर्नु यो वर्गको मुख्य पेशा हो । बर्दियामा हालकै दशक सम्म पनि केही जग्गा बालाहरुले सयल खेती गराउने चलन पनि कायमै छ । जिमिदारले केही जग्गामा किसानहरुबाट वेठ बेगारीलिइ खेती गराउने चलन नै सयल खेती हो ।

कमैयालाई १ वर्षसम्मको लागि खानाको रुपमा मस्यौरा र पारिश्रमिकको रुपमा बिगाहा दिइने शर्त हुन्छ । जग्गाबालाको इच्छा अनुसार निजले तोकिदिएको मस्यौरा र बिगाहा अन्न कै रुपमा कमैयालाई दिइ खेती गराउने चलन बर्दिया जिल्लामा परम्परा देखि चलि आएको छ । खेतिको निमित्त चाहिने औजार र साधनहरु जग्गाबालाले लगाउँछन् । कमैयाहरु अप्रत्यक्षा रुपमा खरिद बिक्री हुने तथा यिनीहरुको बसोवासको कुनै निश्चित स्थान ठेगाना नहुनु मानवीय जीवनको चुनौतिको विषय हो । मालिक को निगाहामा आफुले बनाएको घरबार छोडेर अन्यत्र जाँदा कमैया बर्गको अति नै दयनीय अबस्थाको पर्दाफास हुन्छ । यो प्रथाले प्राचीन दास प्रथाको अवशेषकै भान गराउँछ ।

कृषि मजदुरको रुपमा रहेर पनि मजदुरी गरी खानेलेपाउने न्युनतम मानवीय जीवनको उपभोग गर्न नपाउनु र नसक्नु कमैयाहरुको सामाजिक चुनौति हो ।

आफुसँग भएको सिमित थोरै जग्गा विभिन्न कारणले आफ्नो स्वामित्वबाट फुत्के पछि, अथवा, आफ्नो स्वामित्वमा भएको जग्गा जमीन आफुले भोग गर्न नसकि अरुले हड्पेर खाइ दिए पछि र अधिकांश कमैयाहरुको पुर्खौ पुर्खा देखि जग्गा जमीन नभएको, इत्यादि कारणबाट आफ्नो र आफ्नो परिवारको न्युनतम आवश्यकता परिपूर्ति गर्न धौ धौ भए पछि जुन जे सुकै सर्तमा यी बर्गहरु कमैया भइ काम गर्न बाध्य हुन्छन् । कमैयाहरुको शर्तको कुनै कानूनी प्रावधान छैन जग्गा मालिकले यिनीहरुलाई केही जग्गा वा बिगाहा दिए पनि त्यसमा उनीहरुको हक लाग्ने कुरा त छदै छैन । अझै उनीहरुले जग्गा धनीसँग अनेकौ बाधा अड्चन परेको बेला गर्जो टार्न लिएको मामूली ऋण बापत वर्षौसम्म काम गरि सक्दा ब्याज मात्र पनि तिर्न नसक्ने र साँवा चैं बढ्दै जाने यिनीहरुको आर्थिक चुनौति हो । यसरी साँवा चुक्ता नहुदै जाँदा अर्को जग्गा मालिकले साँवा व्याज चुक्ता गरी दिएमा मात्र साबिक जग्गा वालाको घरबाटनिस्कन पाउने कमैयाहरुको शर्त रहन्छ । यसरी नयाँ जग्गा वाला कहाँ गइ काम गर्दा फेरी व्याज बापत काम गर्नु र सावाँ जस्ताको त्यस्तै रुपमा रहने भइ जीन्दगी भर कमैया ऋण मुक्त हुन नसक्ने प्रष्टै छ । अझ प्रष्ट भन्नु पर्दा उ ऋण मै जन्मेको हुन्छ, ऋण थप्दै जीवन बिताउँछ र मर्दा ऋण तिर्न नसकेर छोरा छोरीको टाउकोमा ऋण थोपरेर मरेको हुन्छ ।

यस्ता कमैयाहरु बर्दिया जिल्लामा कुन कुन क्षेत्रमा के कति छन् - उनीहरुको सामाजिक आर्थिक अवस्था के कस्तो छ त्यसबारे अध्ययन अनुसंन्धान हुनु आवश्यक ठाँरिएको बेला अनौपचारिक क्षेत्र सेवा केन्द्रबाट बर्दियामा यस प्रकारको अध्ययन अनुसंधान हुनु अत्यन्त महत्वको बिषय भएको छ ।

ख. <u>कमैयाको परिभाषा</u> :

प्रस्तुत अध्ययनमा निम्न लिखित परिभाषा अनुसार कमैया सम्बन्धि तथ्यांक र सूचना संकलन गरिएको छ ।

कुनै जग्ग धनिसँग ऋण लिइ वा नलिइ, जग्गा धनि कहाँ खेती पाति, पशुपालन, र अन्य कृषि कार्य गर्नको साथै घरायसी कार्य पनि निरन्तर रुपमा गर्दै आएको व्यक्तिलाई कमैयाको रुपमा लिन सकिन्छ ।

३. <u>अध्ययनको उद्देश्य</u> :

बर्दिया जिल्लामा कृषि क्षेत्रमा विद्यमान कृषि मजदूर कमैयाहरुको सामाजिक र आर्थिक सर्व पक्षिय अवस्था बारे प्रारम्भिक अध्ययन गर्नु नै यो अध्ययनको प्रमुख उद्देश्य हो ।

विशेष उद्देश्यहरु निम्न प्रकारका छन् ।

१) कमैयाहरु कुन कुन गा. वि. स. मा कति कति छन् ?

२) कमैया भइ जीवन निर्वाह गर्नु पर्ने के के कारणहरु छन् ?

३) कमैयाहरुको ज्याला दिने तरीका, कामको अवधि र उनीहरु माथि के कस्ता दवाब र शोषण हुन्छ तिनको वर्गिकरण कस्तो छ ?

४) कमैयाहरुले भोग्नुपर्ने मुख्य मुख्य कठिनाइहरु के के हुन् ?

५) कमैयाहरुको विकास गर्न र अस्वस्थ कमैया प्रथा हटाउन के के उपायहरु गर्नु पर्ने हुन्छ ?

४. अध्ययनको क्षेत्र र अध्ययनको तरीका :

मध्य पश्चिमाञ्चल विकास क्षेत्रको बर्दिया जिल्लाको ३४ गा. वि. स. का नवै वडाका सबै गाउँहरुमा गरी जम्मा ९१७५ कमैया परिवारकोमुलिसँग अन्तर्वार्ता तथा कमैया राख्ने व्यक्तिहरुसँगको अन्तर्वार्ता र स्थानीय बुद्धि जीवीहरु सँगको अन्तर्वार्ताको माध्यमबाट यो अध्ययन गरिएको छ । अध्ययनका लागि अनौपचारिक क्षेत्र सेवा केन्द्रबाट गएका अनुसंधान कर्ता तथा गाउँ गाउँमा आवश्यक संख्यामा लिइएका सहयोगीहरुबाट स्थानीय विभिन्न राजनैतिक पार्टीका कार्यकर्ता, गन्य मान्य व्यक्तिहरु, किसान, मजदुर र अन्य सम्बन्धित व्यक्तिहरुबाट कमैयाहरु पत्ता लगाई अनौपचारिक क्षेत्र सेवा केन्द्रबाट उपलब्ध गराईएको प्रश्नावलीको माध्यमबाट बिस्तृत सूचना तथा तथ्यांक संकलन गरिएको छ । यो प्रारम्भिक मस्यौदा प्रतिवेदन इन्सेकका अनुसन्धान कर्ता र उनका सहयोगीहरुको स्थानीय बस्तुस्थितिको अवलोकन (Observation) को आधारमा तयार गरिएको र काम गर्दा देखे जानेका र सुनेका कुराहरु बाट पनि प्रतिवेदनलाई सघाउ पुगेको छ ।

यो अध्ययन २०४८ साल असौजको दोश्रो हप्ता देखि २०४८ साल चैत्र मसान्त सम्ममा सम्पन्न भएको थियो । त्यस मध्ये माघ मसान्त सम्मको समयस्थलगत अध्ययन मा व्यतित भएको थियो ।

यस अध्ययनको स्थलगत सिंहावलोकन बर्दिया जिल्लाका प्रत्येक गाउँका सर्वसाधारण, किसान, मजदुर, शिक्षक, बुद्धिजिवी विभिन्नराजनैतिक पार्टीका स्थानीय कार्यकर्ताहरु, विभिन्न जन=वर्गिय संगठनका कार्यकर्ताहरु, सामाजिक कार्यकर्ता र समाज सेवीहरु सँग सम्पर्क राखी कमैयाहरुको बसोवास गर्ने र काम गर्ने ठाउँको जानकारी लिइ उनीहरु सँग परिचित भएर इन्सेकको प्रश्नावली अनुसार संकलन गरिएको थियो ।

५. पर्न आएका अड्चनहरु :

कमैयाहरुको पहिचानमा परेका अड्चनहरु

१. गा. वि. स. को वडाहरु मध्ये स-साना गाउँहरुमा रहने कमैया को हुन् को होइनन् पहिल्याउन र संख्या तोक्न असजिलो पर्ने

२. जग्गा धनीहरुले आफुकहाँ भएका कमैयाहरुसँग भेटघाट गर्न,कुरा गर्न, अन्तर्वार्ता लिन विभिन्न तरीकाले अवरोध पैदा गर्ने, र शंका उपशंका तेर्स्याइ अन्तर्वार्ता लिन आउनेहरुलाई झर्को लगाउने ।

३. कमैयाहरुको सबै संख्या नदेखाइ १-२, १-२ वटा मात्र चिनाएर पन्छाउन खोज्ने

४. प्रश्नोत्तर र वार्तामा सहभागी भइरहेका कमैयाहरुले दिने उत्तर र भावनामा सामुन्ने खडा भइ खुलस्त हुन नदिने, दिइएका जवाफमा अन्तर्वार्ता टिपोट गर्नेलाई फेरवदल गर्न दवाव दिने

५. कमैयाहरुबाट भरिएका फर्महरुमा उल्लेख भएका कुराहरु हेर्न पढ्न र गोपनियता भंग गर्न कोशिष गर्ने

६. अन्तर्वार्ता दिइसकेका कमैयाहरु सँग आफ्नो बारे मा के सोधियो र के जवाफ दियो भनि कमैयाहरु लाई चिच्याहट गराउने

७. कमैया हामीले राखेका हौं उनीहरु केही बताउन सक्दैनन् हामी बताई दिइ हाल्छौ कमैयाहरु सँग सोधेर के पाउनु हुन्छ तिनीहरु साचो कुरा भन्दैनन् भनि ललकार्ने

८. अन्तर्वाता लिन आउनेहरुसँग भेटघाटगर्नु कुनै आवश्यक छैन, जे गर्नुपर्ने सरकारले गरिहाल्छ यस्ता फारम भर्ने र सोध्ने कति आए कति गए जस्ता कुरा देखाइ कमैयाहरुलाई भेटघाट हुनबाट भड्काउने ।

९. फर्म भर्न आउनेहरुको कुनै राजनैतिक दलसँग सम्बन्ध छ, यस्ता लहँलहैमा फारम भर्दा तिमीहरुलाई पछि अप्ठ्यारो पऱ्यो भने हामी जिम्मेवार छैनौ भनि कमैयाहरु लाई बहकाउने

१०. बिहान, बेलुका कमैया बस्ने बुकुरा (छाप्रा) मा भेट नभइ खरियान (धान दाउने खलामा) खरियान दौड धुप गर्नु पर्ने र कतिपय गाउँमा राति अवेला अवेला छाप्राहरुमा गई जग्गा धनीहरुसँग बचेर अन्तर्वार्ता लिनु पर्ने अवस्थाहरु पनि आएका थिए ।

११. अन्तर्वार्ता दिन आउने कमैयाहरु आफुलाई मनमा लागेको कुरा व्यक्त गर्न नचाहने, डराउने, बेवास्ता गर्ने आफ्नो कुरा मालिकसँग सोधेर लिनु होस् भन्ने परिमाण र हिसाब गणनाको जानकारी नहुने, उत्तरहरु ज्यादै थोरै शब्दमा ढिलो ढिलो व्यक्त गर्ने, जस्ता अप्ठ्याराहरु थिए । आफ्नो उमेर बताउन नसक्ने र नभेनेकोमा अनुमानको सहारा लिनु पर्ने त प्रशस्त संख्या थियो । उल्लेख गरिएका सबै अड्चनहरुको बाब जुद अन्तर्वार्ता लिन जाने हाम्रा सहयोगीहरुले गरेका अथक प्रयास र स्थानीय समझदार व्यक्तिहरुको सहयोगबाट अन्तर्वार्तामा हुन सक्ने त्रुटी कम गर्न र कमैयाहरुको पहिचान मा गहकिलो सफलता प्राप्त भएको छ ।

प्रसिया गाउँमा बस्ने मुन्सी थारु "पुर्खौं देखि जग्गा थिएन पुर्खाहरुले मालपोत, बीउ, गोरु गाढा आदि को झंझटले गर्दा" जग्गा नलिएको बताउँदछन् ।

कमैया कृपाराम थारु वर्ष १५ "जग्गा वितरण हुँदा बुबालाई केही पत्ता थिएन त्यस कारण जग्गा भएन" भन्छन् ।

"आफ्नो पाला देखि जग्गा नभएको अशिक्षित को कारणले कुनै बुद्धि पुगेन" ४५ वर्षिय लोहार थारु आफ्नो भिनाजु शालिक राम, थारु कहाँ कमैया छन् । १० धुर मात्र जग्गा भएको बताउँछन् :

३० वर्षे कन्हैया थारु ठाकुरद्वारा वडा नं. १ भुडकैया भन्छन् "जग्गाले खान नपुगी अरु भाइ घरको काम गर्ने र म कमैया लागेको" भन्छन् ।

वडा नं. ४ सुखाडका कमैया जोखना थारु भन्छन् "मेरो कान्छो बाबुको नाममा ९ विगाहा जग्गा भएको तर काकाहरुले मेरो बाबुलाई जग्गा नै नदिइ हामीलाई कमैया लाग्न परेको"

"घर फाट्दा अंश नपाउँदा जग्गा भएन" हरि वडा नं ३ ख धोविया, उनी पतिराम कहाँ कमैया छन् कमैया र मालिकको मामा भाञ्जा नाता छ

२१ वर्षका वलिराम चौधरीको ३ जना परिवार छन् । बाबुको पालामा जमिन्दारले दाङ्गमा ऋण स्वरुप जग्गा लिइ दिएको ले जग्गा भएन

"दाङ्ग बाट भागेर आएकोले जग्गा नभएको हो" हरेराम थारु वर्ष ३८

१७ वर्षिय गंगा राम थारु को १ विगाहा जग्गा आफुले हक पाउनेमा मुद्दा चलिरहेको बताउँछन् ।

२७ बर्षिय गोबारी थारु "पहिला मोहियानी थियो । पछि मोहियानी जग्गालाई जिमीदारहरुले लोभ देखाएर पत्तानाइ के गर्दिए ? हाम्रो मोहियानी गुम्यो" भन्छन् ।

फुलराम थारु ४५ वर्ष "बुबालाई छोडेर २०/२५ वर्ष पहिले यहाँ (पर्सिया मथुराहरुद्वारा) आएकोले भाइहरुले तेरो हक छैन भन्छन् त्यसै कारण अंश मुद्दा चलि रहेछ"

"दाङ्गबाट मथुराहरद्वार वडा नं. ५ पर्सिया आउँदा आफु ८/१० वर्ष मात्र पुगेको थिएँ । नापी आएकोवेला उमेर नपुगेकोले जग्गा नपाएको" २२ वर्षिय दुलारे थारु (कमैया) २३०० साँकी भएको "ठुलो बुबाले आफ्नो बुबालाई अंश वण्डा गरी नदिएको ले धेरै दुःख पाइ कमैया भइ बाहिरै काम गर्न थालेको" बताउँछन् ।

"बुबाले आफ्नो भाइसँग हिस्सा नपाएकोले कमैया बनेको शम्भुप्रसाद थारु वर्ष २०

"अलिकति मोहीयानी छ । अहिले सम्म मोहीयानी छुट्टायाउन सकेको छैन" ३० वर्षे हरिराम

अशिक्षितको कारणले गर्दा जग्गा वितरण भएको वेला जिमीदारहरुले विगारी दिएका हुन्" किसुन चमार २१ वर्षे कमैया रत्नापुर

"पुर्खा देखि इण्डियाबाट आएकोले नेपालमा जग्गा पाइएन" गोडेलाल ४५ बर्ष

६. **कमैया प्रथाका मान्यता र कारणहरु :**

कमैया बस्ने प्रथा थारु जातिमा सामान्य मानिन्छ । परम्परागत रुपमा कैयो पुस्ता देखि आजसम्म कमैयाको कमैया भएर जीवन व्यतित भएकोमा पश्चातापको आभाष कहि देखिएन । कसैलाई आरोप पनि लगाएको पाइएन । बरु उनीहरु जग्गा र बसोबासको व्यवस्था सरकारले गरिदिन्छ भन्ने ठूलो आशा र अभिलाषाको सपना वोकेका पाइन्छन् । किन कमैया भएर बसेको त भन्ने प्रश्नको जवाफमा ज्यादै कम कमैयाहरु मात्र एक दुइ कुरा उच्चारण गर्दछन् धेरै जसो यस्तै हो हाम्रो बाबु वराजुले पनि गरेका थिए र खानका लागि कमैया बस्नै पऱ्यो आफ्नो घर सम्पत्ति छैन के गर्ने त भन्ने गर्दछन् । विभिन्न ठाउँमा गरिएका छलफलको आधारमा कमैया भइ जीवन यापन गर्नु पर्ने कारण सारांश मा यस्तो देखिन्छ ।

१. कमैया प्रथा स्थापित मान्यताको रुपमा स्वीकार गर्नु

२. आफ्नो बाबु बाजेको सम्पत्तिबाट हक भोग छुट्याएर लिन नसक्नु र अंश नपाउनु ।

३. आफ्नो स्वामित्वमा भएको सम्पत्ति साधारण गर्जेमा विक्री गर्नु वा भोग बन्धकी राख्नु

४. रकमी, जाली जमीन्दार, सामान्तीले हड्प गरेका जग्गा जमीनको स्वामित्व फिर्ता लिन नसक्नु र नपाउनु

५. आफ्नो भएको केही जग्गा पनिअरु कसैलाई बटैया (अधिया/आधा धनिको/आधा कमाउनेको) दिएर आफु कमैया बस्नु (को कारण बारे उनी हाल गोरु - राँगाको खरिद गर्न र स्याहार्न नसक्नु नै मुल कारण देखिन्छ ।)

६. घर व्यवहार, चाडपर्व, विवाह जारि तिर्नु पर्ने र विरामीको उपचार तथा खान नपुग्नाको कारणबाट लागेको ऋण तिर्न नसक्नु, तथा बाबु बाजेले खाएको ऋण आफ्नो थाप्लामा आइपुग्नु

७. कमैया बस्नु पर्ने बाध्यतामा परेका वर्गको सामाजिक आर्थिक सुरक्षाको जिम्मेवारी कोही संस्था वा व्यक्तिबाट नलिईने र उनीहरु आफु केही निर्णय र तर्क गर्न नसक्ने, वाद विवद र झंझटमा फस्न नचाहनु र डराउनु,

८. आफ्नो परिवारका सदस्यहरुलाई खानाको नपुग भइ रोजगारी खोज्दा अर्को उपाय केही नदेखि जाने चिनेको रोजगारीको बाटो कमैया प्रथा नै स्वीकार गर्नु ।

९. आफुमा उत्पादन शील कुनै विशेष शीप नहुनु र सिर्जना एवं वोद्धिक क्षमता नहुनु ।

१०. वर्गीय मनो दशात्मक संस्कार र खान पाए पुग्ने धारणा सिमित महत्वाकांक्षा हुनु

११. चर्को व्याज, दस्तुरहरु, परम्परा, र माल सामान किन वेचमा गैर कानूनी शोषण र हस्तक्षेपको शिकार भइ आर्थिक थिचो मिचोबाट कहिल्यै बच्न नसकि ज्यूका त्यै कमैया बस्न बाध्य हुनु । कमैयाहरु नै आफ्नो बारेमा के भन्छन् उनै कमैयाका आफ्नै शब्दहरु केही जस्ताको तस्तै उल्लेख गरिएको छ ।

प्रसिया गाउँमा वस्ने मुन्सी थारु "पुर्खौं देखि जग्गा थिएन पुर्खाहरुले मालपोत, वीउ, गोरु गाढा आदि को झंझटले गर्दा" जग्गा नलिएको बताउँदछन् ।

कमैया कृपाराम थारु वर्ष १५ "जग्गा वितरण हुँदा बुबालाई केही पत्ता थिएन त्यस कारण जग्गा भएन" भन्छन् ।

"आफ्नो पाला देखि जग्गा नभएको अशिक्षित को कारणले कुनै बुद्धि पुगेन" ४५ वर्षिय लोहार थारु आफ्नो भिनाजु शालिक राम, थारु कहाँ कमैया छन् । १० धुर मात्र जग्गा भएको बताउँछन् :

३० वर्षे कन्हैया थारु ठाकुरद्वारा वडा नं. १ भुडकैया भन्छन् "जग्गाले खान नपुगी अरु भाइ घरको काम गर्ने र म कमैया लागेको" भन्छन् ।

वडा नं. ४ सुखाडका कमैया जोखना थारु भन्छन् "मेरो कान्छो बाबुको नाममा ९ बिगाहा जग्गा भएको तर काकाहरुले मेरो बाबुलाई जग्गा नै नदिइ हामीलाई कमैया लाग्न परेको"

"घर फाट्दा अंश नपाउँदा जग्गा भएन" हरि वडा नं ३ ख धोविया, उनी पतिराम कहाँ कमैया छन् कमैया र मालिकको मामा भाञ्जा नाता छ

२१ वर्षका बलिराम चौधरीको ३ जना परिवार छन् । बाबुको पालामा जमिन्दारले दाङ्गमा ऋण स्वरुप जग्गा लिइ दिएको ले जग्गा भएन

"दाङ्ग बाट भागेर आएकोले जग्गा नभएको हो" हरेराम थारु वर्ष ३८

१७ वर्षिय गंगा राम थारु को १ विगाहा जग्गा आफुले हक पाउनेमा मुद्दा चलिरहेको बताउँछन् ।

२७ वर्षिय गोबारी थारु "पहिला मोहियानी थियो । पछि मोहियानी जग्गालाई निमीदारहरुले लोभ देखाएर पत्तानाइ के गर्दिए ? हाम्रो मोहियानी गुम्यो" भन्छन् ।

फुलराम थारु ४५ वर्ष "बुबालाई छोडेर २०/२५ वर्ष पहिले यहाँ (पर्सिया मथुराहरुद्वारा) आएकोले भाइहरुले तेरो हक छैन भन्छन् त्यसै कारण अंश मुद्दा चलि रहेछ"

"दाङ्गबाट मथुराहरद्वार वडा नं. ५ पर्सिया आउँदा आफु ८/१० वर्ष मात्र पुगेको थिएँ" । नापी आएकोवेला उमेर नपुगेकोले जग्गा नपाएको" २२ वर्षिय दुलारे थारु (कमैया) २३०० साँकी भएको "ठुलो बुबाले आफ्नो बुबालाई अंश वण्डा गरी नदिएको ले धेरै दुःख पाइ कमैया भइ बाहिरै काम गर्न थालेको" बताउँछन् ।

"बुबाले आफ्नो भाइसँग हिस्सा नपाएकोले कमैया बनेको शम्भुप्रसाद थारु वर्ष २०

"अलिकति मोहीयानी छ । अहिले सम्म मोहीयानी छुट्टायाउन सकेको छैन" ३० वर्षे हरिराम

अशिक्षितको कारणले गर्दा जग्गा वितरण भएको वेला जिमीदारहरुले विगारी दिएका हुन्" किसुन चमार २१ वर्षे कमैया रत्नापुर

"पुर्खा देखि इण्डियाबाट आएकोले नेपालमा जग्गा पाइएन" गोडेलाल ४५ वर्ष

७. कमैयाको आर्थिक वस्तुस्थिति

क. कर्जा सौकी ऋण सापटको मर्का :

आफ्नो श्रम जग्गा धनीलाई जीन्दगी भर बुझाउन बाध्य भएका कमैयाहरुको आर्थिक जीवन स्तर ज्यादै तल्लो स्तरको छ । परिवारको आवश्यकता र आफ्नो आम्दानीको सन्तुलन मिल्न नसकेका वखत उनीहरुले गर्जो टार्न जसबाट जुन सर्तमा संभव हुन्छ त्यही सर्तमा ऋण, कर्जा, साँकी र सापट लिन पर्ने हुन्छ । यस्ता रकमहरु पछि तिर्नका लागि आय श्रोतले धाने मात्र संभव हुने हो । तर अधिकांश कमैयाहरुको आम्दानी यस्तो ऋण तिर्न पुग्ने गरी बचत हुन सक्दैन र पूस्तौ पुस्ता सम्म ऋणको ऋण मै डुब्न पर्ने हुन्छ ।

निम्न कारणका लागि कमैयाहरुलाई ऋणको आवश्यकता पर्दछन :

१. आफु र आफ्ना परिवारका सदस्य विरामी भएमा उनीहरुको उपचार खर्च,

२. परिवारलाई खुवाउन वर्षको आम्दानीले नधाने पछि खाद्यन्न पुऱ्याउन लिइने जिन्सी धानको कर्जा वा नगद ऋण लिएर टार्नु पर्ने भएको खर्च,

३. आफु, भाई बहिनी, वा छोरा छोरीको विवाहका लागि खर्च,

४. दशैमा कपडा खर्च ,

५. आफुलाई मन पर्ने कुखुरा सुगुर आदि घर पालुवा पशु खरिद गर्ने खर्च, र

६. अन्य परिवारिक अपर्झटका खर्च र मुद्दा मामिलाहरु,

माथि उल्लेखित आवश्यकता मध्ये कुनै पनि आवश्यकताका लागि कमैयाहरुले तिन तरीका ले ऋण प्राप्त गर्ने गर्दछन् ।

१. जग्गा धनिसँग साँकी लिने

२. भोग बन्धकी वा अन्य धितो राखेर ऋण लिने

३. महाजन (व्यापारी) सँग उधारो सामान खरिद गर्ने

अरु प्रकारको ऋणको तुलनामा जग्गा धनि सँग लिइने ऋणलाई सौकी भनिन्छ । यसलाई कर्जा पनि भन्ने चलन छ । यो कर्जाको जिम्मा परिवारका मुलीको हुन्छ । परिवारको मुली अशक्त वा मरेपछि निजको भाइ वा छोराको जिम्मा सर्दछ । थारु चलनमा परिवारको परिचालन गरी घर गृहस्थी संचालन गर्नेलाई 'किसान भन्ने गरिन्छ । किसान घरको सबै भन्दा जेठो नै हुनु पर्छ भन्ने छैन । वर्ष वर्षमा किसान घर सल्लाहले अदल वदल गर्न पनि सक्दछन् ।

माधीमा कमैया राख्दानै सौकीको हिसाव मिलान गर्ने गरिन्छ । कमैया बिक्री हुने शर्त पनि यहिनै हो । धेरै कमैयाहरुले सौकीको रकम अन्तर्वार्ताको क्रममा भन्न हिचकिचाए । सौकीको वास्तविक रकमका लागि मालिक सँग सोध्नु पर्ने पनि धेरै कमैयाको भनाई थियो ।

मालिकहरु सौकी नभएकोकमैया लिन रुचाउँछन् । सौकी धेरै भएपछि कमैया हरुले आफुले चाहेको ठाउँमा गइ काम गर्न बाट बंचित हुनु पर्ने हुन्छ । ऋण (कर्जा) नतिरी वसेको ठाउँ छोड्न नपाउने यिनीहरुकोशर्त हुन्छ सौकीको टिपोट दिने गरे पनि तमसुक भने नभएको पाइन्छ ।

कमैयाको पुस्ताले लिएको सुरुको रकम वताउन कुनै कमैया पनि समर्थ छैनन् । बाबु मरे पछि बाँडिएको ऋण भने आफ्नो ऋण समेत जोडि एक मुष्ट हुने भएकोले छुट्याएर भन्न सक्दैनन्

जस्को व्यथा उसकै कथा उसकै शब्दमा केही टिपेर हेरौं ।

वर्ष ३० का लौटन थारु टाकुरुद्वारा वडा नं ९ मा रुपलाल शर्मा कहाँ कमैया छन् । उनले केही वर्ष अघि २ पटक गरेर ८ कुन्टल धान र ८०० रु नगद लिएका थिए । मनोमानी दर लगाएर अव उनको ऋण रू ४५००। भएको छ ।

यीनै रुपलाल कहाँ दरवारी लाल थारुले २०० किलोग्राम धानको ऋण हाल ३००० पुगेको बताउँछन् । जाँड रक्सी खाएर नराम्रो व्यवहार गर्ने गरेको पनि बताउँछन् ।

वर्ष ३१ का जिउ राखन थारु ठाकुर द्वारा वडा नं. ३ चिटकैयाका सन्तराम थारु कहाँ कमैया छन् । राखन थारु बताउँछन् । १५ वर्ष देखि यहिं नै कमैया गर्नेगरेको । भुखमरी पर्दा रू ७००। ऋण लिएको पछि हुदै जाँदा त्यसको रकम रू ७००० भयो र चार विगाहा जग्गा हरण गरेको गुनासो पोख्दछन् ।

"रांगो किन्न ६०० ऋण लिएको ३०% व्याजले ६००० भयो" । बाल किशोर थारु "फेरी पुर्खाको ऋण रू ५००० को ६०% व्याज तिर्नु पर्छ ।"

फुलराम थारु वर्ष ४८, "ठाकुरद्वारा शिवपुर वडा नं. ९ मा रु.१५००० मा १० कट्टा जग्गा धितो बन्धकी राखेका छन्" । उनको अरु १२०० ऋण सौकी माधव ज्ञावाली कहाँ छ ।

माधव ज्ञावालीले रमै थारु सँग पनि १० कट्टा धितो लिइ रू ७०००। लगानी गरेको छन् । र रमै थारु वर्ष ३५ लाई कमैया राखेका छन् ।

बलिराम थारु ६५ वर्ष उमेरका कमैया छन् । यिनी २६ वर्ष देखि मगरागढी वडा नं. ८ दङ्गापुरवा गाउँका मुरारी प्रसाद शर्माका घरमा कमैया भएका हन् । यिनको २६ जनाको परिवार छ । यीनको दावी छ

"बाबुको पालामा रू ५००० सौकी लिएर छोराको पालामा पनि त्यही सौकी मा काम गर्न बाध्य गराएका छन् । कमैया बसेमा मुरारी प्रसादले रू ५००० सौकी छोडिदिने कुरा गर्छन् र कमैया छोड्न खोज्दा साँवा र व्याज गरी १८०००। लिने धम्की दिन्छन्"

बलिरामले मस्यौरा ४ बोरा र ३ कुन्टल धान विगाहा पाउँछन् । यिनी यहाँ एक्लै काम गर्छन् ।

ठाकुरद्वारा वडा नं. ८ को बानु गाउँमा बली राम थारु कमैया ४० वर्षका छन् उनको १ विगाहा ३ कठ्ठा जग्गा रू १५००० को ऋण वापतमा २ वर्ष देखि बलीराम चौधरी (मालिक) ले नै भोग गरी रहेछन् आम्दानी दिदैनन्

रामु थारुले आफ्नो १३ कठ्ठा जग्गा धितोराखी १४००० ऋण लिएका छन् र उनी चमारी थारु कहाँ कमैया बसेका छन् ।

बच्चुलाल थारु उमेर ५० वर्ष परिवार संख्या ५ आफ्नो ससुराको जग्गामा घर भएको । ३ विगाहा आठ कठ्ठा जग्गा छ । उनको १०।१२ पटक गरेर हाल सम्म रू ६०००० ऋण पुगि सकेको छ । ऋण लिनुको कारण बारे उनी भन्छन् - "विवाह गरेको वेलामा धेरै ऋण लिएको र भैंसी चोरी भएको बेलामा पनि धेरै ऋण भएको" बताउँछन् । २ महिना करीब खान नपुग्ने ३६ मन मस्यौरा पाइने खान नपुगेमा फेरी ऋण लिनु पर्ने बताउँछन् । यिनीहरु २ पुस्ता देखि यही कमैया छन् ६ वर्षको उमेर देखि काम गर्न थालेको भन्छन् ।

ठाकुरद्वारा वडा नं. ४ सुखाडमा यज्ञ प्रसाद पराजुली कहाँ ३५ वर्षिय कमैया सन्तराम थारुको नगद रू १५० र धान १३५ के. जी. को सौकी छ उनी भन्छन् अन्य आय नहुँदा सम्म सौकी नघट्ने" भन्छन् आफुसँग ३ पुस्ता अघि देखि कुनै सम्पत्ति नभएको बताउँछन्

ख. <u>व्याज र हर्जानाको मर्का</u>

सौकीमा व्याज नलाग्ने भनिन्छ । तर मालिकको हिसावलाई पत्यार गर्ने बानी भएका र नीजले जत्ति भन्छन् त्यति तिर्नु पर्ने भएकोले यसै भन्न गाह्रो पर्नेछ । तर धेरैले व्याज नलाग्ने उत्तर दिएका छन् ।

काम नगरेको वखत सौकी नबढ्ने बताएका छन् । हर्जाना बढ्ने अवस्थामा प्रचलनको दैनिक मञ्जुरीको हिसावले कटाउने गरिन्छ । यस्तो हर्जाना वा असुली मालिकले आफै हिसाव राखी जिन्सीमा कटाउँदा कमैयाले स्वीकार गर्ने गर्दछन् । दावी विरोध गर्न सक्तैनन् ।

व्याज वास्तवमा ६० प्रतिशत वार्षिकसम्म पनि पाइन्छ । जिन्सीमा व्याज लिने प्रथा झनै ढाड सेक्ने खालको छ । हर्जाना यिनीहरुले बुझाउन पर्ने अर्को अन्याय पूर्ण व्यवहार हो ।

यस सम्बन्धि केही व्यवहारहरु उल्लेख गरौं :

काम नगरेको दिनको हर्जाना रु २५। प्रातिदिन तथा धान जिन्सीमा काम नगरेको दिनको भनि कटाउने नाजायज व्यवहार गरिन्छ । लक्ष्मण थारु

"काम नगर्दा सौकी दिनको रू १०। लाग्ने" ६००० सौकी भएका ५५ वर्षे धनि राम थारु सोम प्रसाद थारुका कमैया बताउँछन् ।

"काम नगरेको सौकी दैनिक ५ किलो धान कटाउँछन् । व्याज पनि ३०%" हरि किशन थारु वर्ष २४ आफ्नो फुपाज्यू कहाँ कमैया बसेका छन् मगरागढी

राजापुरको महाजन सँग रु २०% वार्षिक व्याज तिर्नु पर्ने हर्जाना दिनको ५ किलो धान र सौकी मा वार्षिक ३०% व्याज दिनु पर्छ" प्रेम लाल थारु

वार्षिक ६०% व्याज दैनिक २५ वा ४० हर्जाना काम नगरेवापत प्रतिदिन बुझाउने गरेको पाइन्छ ।

"सालमा रू २५० को १ कुन्टल धान व्याज दिनु पर्छ" दोत्रांली थारु वर्ष २० मगरागढी

"मासिक ५% व्याज लाग्छ" खुशीराम थारु वडा नं. १ मगरागढी रू ४००० ऋण छोरा जेलपरेकोले लिएका थिए

"काम नगरेको वेलामा रू ३० दैनिक सौकी बढेको" मसिराम थारु वर्ष २०

"कपडा, गहना लिएर सौकी बढेको, रू ५००० को ३०% लाग्छ काम नगरेको हर्जाना दैनिक ३० लाग्छ" रामलाल ३० वर्ष

जग्गाको महत्व नवुझेर जग्गा भएन, खान खर्च नपुगेर ऋण बढ्यो प्रसाद थारु ४० वर्ष तरकापुरवा - १

"व्याज ६०% वार्षिक र दैनिक रू ३० हर्जाना" लिन्छन् धनिराम

ठाकुर द्वारा वडा नं. २ मदेलाहिक्मत बहादुर मल्ल कहाँ कमैया बुधिराम थारुकी छोरी संजिता थारु बताउँछिन् २ वर्ष देखि ५०० के. जी. धानको व्याजमा १ जनाले भाँडा माझिदिदै रहेको र बुधिराम त्यही कमैया बसेको ६०० कि. ग्रा. मात्र मस्यौरा पाउने घरका अरुलाई पनि नि:शुल्क काम लगाउने एवं ६०० कि. ग्रा. धान र ३० किलो लाही ५० किलो मकै मात्र विगाहा पाउने बताउँछन्, साथै काम गर्न नसकेको दिन साटो समेत दिन पर्ने बताउँछन् ।

वर्ष २३ का जंगली थारु आप्नो रू ७०० ऋण भएको र कपडा किनेको उधारो को २५% सयकडा महाजनले व्याज लिने गरेको बताउँछन् । उनले विगाहा ठेक्कामा ३०० के. जी. मात्र पाउँछन् ।

ठाकुर द्वारा वडा नं. ५ बेतहनीमा रामराजा कहाँ ३१ वर्षिय राम बहादुर थारुले रू. १२००० सौकी भएको र यस मध्ये काम गर्दा गर्दै बढेको ऋण रु. २०००। र व्याज भने तोरीबाट कट्टि गर्ने अर्थात तोरीको विगाहा लिन नपाइने बताएका छन् ।

राम दुलारी थारु खुशी राम थारु (मामा) कहाँ कमैया बसेका छन् उनका अरु कोही छैनन् । उनको प्रर्सियामा २०४७ साल र २०४८ सालमा गरी विवाह गर्न लिएको ऋण ७२५०। छ । तर उनको विवाह भने भएको छैन । उनी ऋण लिएको घरमा काम नगरेमा ५% व्याज प्रति महिना बुझाउनु पर्ने" बताउँछन् ।

रुपलाल शर्मा कहाँ बस्ने भतराम थारु आफ्नी बहिनी वर्ष १५ ले रू ९००को व्याजमा भाँडा भाझि रहेकी बताउँछन् ।

"राममणी उपाध्याय ठाकुरद्वारा वडा नं. ९ शिवपुरलाई २६०० रू को व्याज स्वरुप वार्षिक ३०० के. जी. धान व्याज दिनु पर्ने हुदाँ सौकी बढ्दै गएको ।" परदेशी थारु वर्ष २५

राममणी कहा नै " रु. २००० को व्याज तिर्नु नर्पने रु. २६०० को व्याज ३०० के. जी. धान तिर्नु पर्ने" जम्मा ऋण ४६००" मौना थारु

"विभिन्न कमैयाहरुका आ- आफ्नै शब्दमा

सालाना रू २०० को १ कुन्टल धान व्याज"

"हर्जाना दैनि रू. ४०"

"विरामी भएको वेला ऋण लाग्यो सौकी बढ्यो"

"लडिया भैसा किनेर ऋण लिएको हो"

"व्याज २५% सालाना"

"रू. दुइ हजार सौकी छ २ कुन्टल धान व्याज दिनु पर्छ"

"घरमा आगोलागको सौकी परेको रू ५०० को व्याज मासिक रू ५% प्रतिशत"

"व्याज ३६%" इत्यादी

८. <u>कमैयाहरुले पाउने सुविधा र त्यसको अन्तरंग अध्ययन :</u>

कमैयाहरुले जग्गा धनिकहाँ काम गरे बापत निम्न सुविधा पाउँछन् ।

मस्यौरा: विगाहा: छाप्रो बनाउन जग्गा र छाप्रो बनाउने सामान: बुकरहीलाई एक जोर जडावर (कपडा) नुन तरकारी लगाउन केही जग्गा पाउने गर्दछन् ।

क. <u>मस्यौरा र कमैया राख्ने/बस्ने शर्त</u>

मस्यौरा माघी पर्व सम्पन्न भइ सके पछि कमैया बस्ने भएमा वर्ष भरिको एक मुष्ट तौल गरी दिने गर्दछन् । मस्यौरा लिनु भन्दा पहिलेको जग्गा धनि र कमैयाको छलफल र मौखिक समझौतालाई खुजुनी पुजुनी भन्ने गर्दछन् । सामान्यत आफुले काम गर्न चाहेको ठाउँमा कमैया बस्न इच्छा हुनेले गएर "तपाईहरु कमैया राख्नु हुन्छ भने म बस्न इच्छुक छ" यस अघि फलानाको घरमा काम गर्थे यति परिवार छन्" यति सौकी कर्जा छ" र अन्य सोधपूछका कुरा सिद्धिएपछि नवस्ने र बस्ने टुंगो लागे पछि बस्ने टुंगो गर्नेलाई पक्का गर्ने भनि रू १०-२०।- दिन्छन् रआफ्नो छाप्रोमा सरसामन र परिवार लिएर आइसकेपछि संझौता बमोजिमको मस्यौरा धान दिइन्छ । यसरी धान मस्यौरा बुझि सकेपछि १ वर्ष सम्म छोड्न पाइन्छ । फिर्ता गर्न पनि पाइन्न राखदिन भन्न पनि पाइन्न" यो यहाँको व्यवहार हो ।

मस्यौरा सम्बन्धि विविध व्यवहार तल लेखिएका छन् ।

मस्यौरा: काम गर्न राखिएका व्यक्ति एक लाई खानका लागि दिइने जिन्सीले निश्चित रकमलाई मस्यौरा भनिन्छ । यस्का प्रकार र व्यवहार निम्नानुसार छन् ।

१. काम गरेको घरमै काम गर्ने एक जनालाई भान्सामा खान दिने

२. श्रीमान श्रीमती भइ कमैया र बुकरही रहने गरी दिइने ९ बोरा धान तथा गेरुवा नदी बारी दिइने ७.५ साढे सात बोरा धान र १० किलो नुन पाउँछन् कतै कतै ५ किलो मात्र पाउँछन् ।

३. माथी नं २ मा उल्लेख भए बाहेक घरमा खान नपाउने, विवाह नभएको वा बुकरही गर्न सक्ने महिला कोही नभएकाले भैंसी चराउने, गोरु, बाख्रा चराउनेहरुलाइ २ नं. बमोजिमको आधा मस्यौरा अर्थात् गेरुवा पारी ४.५ बोरा र गेरुवा बारी पौने चार देखि चार बोरा धान र ५ किलो नुन पाउँछन् । १ बोरा भन्नाले ७५ कि. ग्रा. बुझिन्छ ।

ख **विगाहा**

कमैयाहरुले पारश्रमिकको रुपमा उत्पादनको आधारमा पाउने धान वा अरु उत्पालनलाई विगाहा भनिन्छ । केही दशक पहिले सम्म जग्गावालाबाट कमैयाको लागि जग्गै छुट्याए बिगाहा दिने चलन थियो । यो चलन अध्यावधि कहि कहिं मात्र कायम छ । विगाहा बाँड फाँड उत्पादन किसान कहाँ भित्रयाउन लैजादा कमैयाहरुले पनि छुट्याए लिने गर्दछन् । सामान्यत जग्गावालाले प्रति दुई बिगाहा जग्गाको लागि १ कमैया राख्ने गर्दछन् । धेरै जग्गा भएका किसान कहाँ जति कमैया बसेका हुन्छन् त्यतिनै कमैयाले जग्गावालाबाट सामुहिक बिगाहा छुट्याएर लिए पछि कमैयाहरुले आपसमा बराबर बाड्ने गर्दछन् । धेरै जग्गाधनीले बिगाहा छुट्याउँदा बिउ, टँयाक्टर, रसायनिक मलको खर्च अनुपातिक दरले कटाउने पनि गर्दछन् । बिगाहाबाट हुने आम्दानी जमीनको उर्वरा शक्ती र खेतीको लागि गरिने लगनमा भर पर्ने भएकोले ठाउँ ठाउँमा फरक फरक देखिन्छ । जंगलको किनारामा जंगली जनावरबाट हुने नोक्सानी र नदी किनाराको जग्गामा नदी कटानबाट हुने नोक्सानीले किसानको आम्दानी पनि वर्षमा समान नरहेर फरक फरक रहन्छ । बिगाहाको आम्दानीमा कमैयाहरुलाई जग्गावालाहरुवाट धेरै किसिमका मर्का थोपरिएका हुनछन् । यसमा किसानको मनोभावना र उसको कमैयाप्रतिको दृष्टिकोणको ज्यादै ठूलो भुमिका रहन्छ । धेरै जसो कमैयाहरुले बताएका र स्थानिय चलन बुझबुझारथमा जानकारी भएका बिगाहा सम्बन्धि व्यवहारहरु यसरी उल्लेख गर्न सकिन्छ ।

१. बिगाहाको लागि छुट्याएको जग्गावाट भएको आम्दानी कमैयाहरुले आपसमा बाड्ने चलन पुरानो हो ।

२. जग्गाको उत्पादन अनुसार किसान र कमैयाको सर्त अनुसार किसान र कमैयालाई विगाहा उत्पादित बाली भित्राउने बेलामा बाँड्ने र आ-आफ्नो थनक्याउने पनि गर्दछन् ।

३. किसानले आआफ्नो बाली थन्क्याई सकेपछि बिगाहाको लागि छुट्टाछुट्टै कमैयालाइरु पटक पटक गरेर बुझाई दिने पनि गरेको पाइन्छ ।

किसान र कमैयाले आपसमा बाँडने विगाहाका दर र अनुपातहरु निम्नानुसार पाइन्छ ।

१. तिकुर भन्नाले एक मालिक कहाँ बस्ने कमैयाहरुको लागि तीन भागको एक ाग र किसानको दुइ भाग रहन्छ । यस्तो गर्दा आम्दानको ६६% किसानको र ३३% काम गर्ने कमैयाहरुको हुन्छ ।

२. चौकुर भन्नाले २५% उत्पादन कमैयाहरुको र ७५% उत्पादन किसानको हुन्छ ।

३. पचकुरमा ४०% कमैयाहरुको र ६०% किसानको रहन्छ ।

४. खेतिको लागि विगाहा जग्गा दिने चलन घट्दै गएको छ । यसरी जग्गा दिदा कमैया १ जनालाई सामान्यत ०.५ विगाहा अर्थात् १० कठ्ठा सम्म हुन्छ । तर नापो यिनीहरु बताउन सक्दैनन् ।

५. जग्गा नदिइने कमैयाहरुलाइ तिकुर, चौकुर पचकुर आदिको चलन छ ।

६. बिगाहा उत्पादनको हिसाबमा नदिइ बर्ष भरिकै निश्चित सर्त गरी राखिएको पनि हुन्छ । खास गरी भैसी गाइ, गोरु चराउनेले १ कमैयाको आधा भाग बिगाहा पाउने गर्दछन् । त्यस बाहेक थारुहरुको घरमा खाइ बस्ने र मालिकको परिवार सँगैकाम गर्ने कमैयाले ४ बोरा देखि ७ बोरा सम्मको ठेक्का बिगाहा पाउने गर्दछन् ।

कट्टि मट्टि जे हिसाब गर्नु पर्ने सो सबै हिसाब किताब तिरो तारो यही बिगाहा दिने सममा गरिन्छ । मुख्य बालीहरु वा बर्षे बालीमा मात्र तिकुरे वा चौकुर बिगाहा दिएर तोरी मषुरो आदि अड्कल बिगाहामा दिइने पनि कतै कतै पाइन्छ ।

बिगाहाका बारेमा व्यवहारमा परेका कुराहरु आफ्नै शब्दमा कमैयाहरुले यसरी राखेका छन् ।

"१३ वर्षको भाइले खाना र १२५ के. जी. धानमा खेतीको काम गर्ने गरेको" कलीराम थारु वर्ष १६ बास गाउँ बताउछन् ।

मालिराम थारु पनि नाजायज तरिकाले कट्टि गरी बिगाहा मस्यौरामा पटक पटक मर्का पारि रहेको कुरा बताउँछन् । यिनी आफु एकलैछन् यिनले पनि सौकी धान ५०० कि. ग्रा. २ बर्ष अघि लिएका थिए ।

मढेवाका रण ब. बिष्ट कहाँ ३८ वर्षिय मुन्सी थारु बताउँछन् "धान बाहेक अरु उत्पादनको बिगाहा पाइन्न"

जितराम थारु वर्ष ३८ गोबिन्द उपाध्याय कहाँ मगरागदी बडा नं. ९ औरीमा कमैया छन् । यीनलाई चौकुर बटैयाको १ भाग (कमैया भाग) बाट फेरी गोबिन्द उपाध्यायले आधा आफुले लिने धम्की दिएका छन् भन्छन् यसरी गर्दा कमैयालाई आठकुर मात्र भाग पर्दछ । व्याज पनि ३६% लिन्छन् ।

"रानीपुर बडा नं. ८ मा तिकुर पाउने व्यवस्था छ मस्यौरा ६ कुन्टल मात्र पाउँछन्" जगन्नाथ न्यौपाने

ग. <u>अन्य सुविधाहरु</u> :

कमैयाहरुले जे जति काम गरेपनि मालिकहरुवाट पाउने कुनै केही छैन । यदा कदा विरामी भएका बेला करकापको छुट्टी र केही चाड पर्वहरुमा जाडँ रक्सी खान चाड मनाउन खर्च पाउन सकछन् । बिरामी उपचार बापत खर्च नपाइने नै धेरैको भनाइ छ । यस संबन्धमा केही कुरा तल टिपोट हेरौ

घरबासको व्यवस्था : कमैया बस्ने प्रत्येक परिवारको आफ्नो स्थायि घरबास नेपाल अधिराज्यभरी कहि पनि छैन । यदाकदा आफ्नो घर हुनेहरु पनि तिनीहरुको जग्गा दर्ता नभएको ऐलानी बा अंश वंडा बा अन्यबाट हक पाउने मात्र छ । त्यो पनि नगण्य छ ।

बुकरिनीले गोबर सारे बापत बर्षमा १ जोर कपडा पाउने भनिन्छ । तर पाए नपाएको प्रष्ट हुन गाह्रो हुन्छ । दिए लिने नदिए खोइ पाइएन भन्दैनन् । लामो समय सम्म बिरामी हुने कमैयाहरुको संख्या प्रसस्त छ ।

बिरामी बिदा भने पाइने बताउँछन् । यस्तो बिदा बिरामीबाट उठ्न नसकेसम्म पाइन्छ भनि बताएका छन् ।

परिवार नियोजन गरेको बारे नगरेको जानकारी पाइन्छ तर परिवार नयिोजन केहो भन्ने थाहाँ भएको बताउँदछन् । सुतकेरी हुदाँ आराम गर्ने बारे विविध प्रचलन पाइएकोछ । १० दिन, ९ दिन ७ दिन १५ दिन १ महिना र ३ तिन दिन सम्म यदा कदा बिदा पाए पनि ठाकुरद्धारा गा.बि.सको कालिगौडीको एक घरका कमैयाहरुले सुत्केरी बिदा नपाएको दावी गरेका छन् सट्टा दिनु पर्ने भन्दछन् ।

९. <u>कमैया र मालिक को सम्बन्ध</u> :

मालिक र कमैयाको सम्बन्धमा सामान्यत मालिकको निर्देशन पालन गर्ने एक पक्षिय सम्बन्ध छ । कमैयाहरुको तर्फबाट कुनै प्रतिवाद हुदैन । कमैयाहरुको सामाजिक सुरक्षा एवं मानवाधिकारको बचाउको कुनै व्यवस्था छैन । यस विषयमा प्राप्त मर्काहरु मध्ये केही उल्लेख गर्दा थोरै संकेत प्राप्त हुन्छ । खान पुग्ने नपुग्ने बारेमा अधिकांश कमैयाहरुलाई ३-४ जना भन्दा सानो परिवार भएकालाई बाहेक अरु सबैलाई कुनै हालतमा पनि आमदानीले खान पुग्ने देखिन्न र बर्षाको समयमा ऋण सापट गर्न बाध्य भएका पाइन्छन् ।

मालिकको व्यवहार सोद्धा नराम्रो भन्न चाहदैनन् वा डराउँछन् । व्याख्या गरी सकेपछि पनि कुने असामान्य व्यवाहार गरेको जानकारी भएमा नराम्रो व्याहारमा चिनो मात्र लगाएका छन् ।

कमैयाको परिवारका अन्य सदस्यको र पहाडी मालिकको सम्पर्क साढै टाढाको हुन्छ । मालिकहरुलाई आफु कहाँ बसेको कमैयाको परिवारसंख्या पनि राम्ररी थाहा हुँदैन खास त राम्रो मालिक कसलाई भन्नु पर्छ र कस्तो मालिक राम्रो हुन्छ भन्ने जानकारी कमैयाहरुले राखेका छैनन् । धेरैले आफु बसेको मालिकलाई राम्रो मालिक मानेका छन् ।

काम नर्गदा गर्ने सजाय चेतावनी मध्ये सम्झाइ बुझाइ गर्ने, सामान्य गालिगर्ने, कडा गाली गर्ने, धेरै पाइन्छ । कहि कहि कुट्ने पिट्ने गरेको जानकारी पनि पाइएको छ । निकालिदिने भने छैन तर कमैया बस्ने व्यक्ति असंतुष्ट भएमा माधीमा अर्कै मालिक खोजी कही गएर बस्ने गर्दछन् ।

विशेष व्यवहारमा कमैयाहरु राम्ररी खुलाएर भन्न बताउन हिचकिचाउछन् तै पनि कुटपिट गरेको, हजार्ना तिराएको अभद्र व्यवहार गरेको, जग्गा हडप गरेको, आदि कुराहरु कमैयामालिकको संबन्धमा अत्यन्त जटील पक्ष हुन् ।

२०४७ साल जन आन्दोलनको पश्चात माधिमा

(१) १५ बोरा मस्यौरा धान

(२) उब्जनीको तिकुर ३३% बिगाहा पाउनु पर्ने

(३) जिमिदारको घर धन्दा गोठ र बगैचा भान्सा बजार आदिको काम नगर्ने

(४) ७ दिन मा १ दिन छुट्टी पाउन पर्ने

(५) दैनिक ८ घण्टा मात्र काम गर्ने गरी आन्दोलन गरेका थिए । तर आन्दोलनले त्यत्तिको असर केही गरेन ।

प्रतिकार गर्न नसक्ने कमैयाहरुको घरबाट खसी कुखुरा, कुखुरा हाँसको फुल, तरकारीहरु त्यस्तै अन्य हल्का सामान पनि उठाएर लगी फिर्ता दिन नल्याएमा गुमेको गुमयै चुप चाप बस्न बाध्य हुन्छन् । साच्चीकै मर्का हुन्छ ।

सानो तिनो मूल्यको खुद्रा सामान किन्दा पनि धान चामल तोरी बेसरमा मनोमानी तौलमा लिइ दिन्छन् ।

मागेरै लिनेले पनि १ किलो तोरी लिइदिन्छ र जसको मूल्य रू २०। पर्न जान्छ । यी विषय बाहेक मालिक र कमैयाको संबन्धको दुरी पक्ता लगाउन कमैयाहरुको वीवन हेरौ,

कमैया हुनका लागि बुकरही हुनै पर्ने बाध्यता बिउ, मल, ट्याक्टरको खर्च कमैयाले पनि व्यहोनुर्न पर्ने र छोडी जाँदा रू ५१ मालपोत वापत जग्गा धनीलाई बुझाइ जान पर्ने बाध्यता)

निजि सरसफाइ र पारिवारिक जीवनको लागि यिनीहरुलाई ज्यादै कम समय उपलब्ध हुने आदि तथ्यहरुले कमैया मालिक सम्बन्ध राम्रो भन्ने ठाउँ छैन ।

महाजनी प्रथाबाट यिनीहरुलाई किन्ने र बेच्ने कारोवारमा भाउको व्याजको, नाप तौलको र गुण स्तरको मार परेको पर्‍यै हुन्छ ।

हीन भावना, दरिद्रता, अज्ञानता, दशत्व, अन्ध विश्वास, का बावजुद अरुको रिष इर्ष्या र द्रोह नगर्ने इमान्दार परिश्रमी लनगशील, कमबोल्ने, महत्वाकांक्षा नभएको, दयालु अत्यन्त शान्त प्राकृतिको यिनिहरुमा बाहुल्य छ ।

कुलोबाँध बनाउन सफा गर्न, मर्मत संभार गर्न र स्थानीय बिकासका अन्य कार्यमा श्रमदान दिन समेत जग्गा धनीले यी नै कमैयालाई आ-आफ्नो तर्फबाट पठाउने गर्दछन् ।

जंगलबाट काठ चोरी गरी ल्याउनु दाउरा ल्याउनु जस्ता गैर कानूनी काममा कमैयाहरुलाई प्रयोग गरी फाइदा र आम्दानी आप्नो बनाउने, पक्राउ र दुख खाने अवस्था परेमौन बस्ने जमीन मालिकहरुको व्यवहारले मर्का छ घर बाहिर काम गर्न जाँदा पनि राती बास बस्ने र बासमा खाने आदिको व्यवस्था कमैयाहरु आफैले गर्ने र आवत जावतको खर्च समेत नपाउने मर्का छ ।

कृषि उत्पादनको सहायक र सह उत्पादनमा हिस्सा नपाउने मर्का छ ।

रात दिन झरी बादल गर्मी शीतको परवाह नगरी काममा खटिइ रहनु पर्ने र आम्दानीको ठेगान नहुने मर्का तथा आफुले जाने बुझेको राय जग्गा धनीले नमानेमा र जग्गा धनीको निर्णय नै अन्तिम निर्णय मान्नु पर्ने मर्काहरु छन् । कमैयाले बताएकै शब्दमा,

मगरा गढी वडा नं. ६ सिउनीयाका छविलाल शर्मा "राती रक्सी खाएर कमैयाको घरमा आउने र कमैयाको ढोका नखोल्दा खुट्टाले ढोकामा हानी कमैयाको घरमा आगो लगाउने धम्की दिने । ढोका खोले पछि जाँड मागेर खाने, जाँड नभएको बेला तथा नाम गाली गर्ने र राती अवेला भट्टिबाट रक्सी बोकी ल्याउन लगाउने । विरामी हुँदा कमैयालाई निकाली दिने धम्की दिने तथा गाउँका थरुनी केटीहरुलाई अमानवीय व्यवहार गर्ने" नीज शर्माका कमैया टिकाराम थारु वर्ष ३५ का ले उल्लेख गरेका छन् ।

मधुराहरुद्वारा वडा नं. ४ कलवारी थारु वर्ष २६ गरिबे थारु (ससुरा कहाँ) कमैया बसेका छन् । उनी मालिकबाट हुने व्यवहार बारे "गाली गर्छन् कुट्छन्, निकाली दिन्छन्, मजबुरी हालतमा बस्नु पर्छ के गर्नु कुनै उपाय गरी दिनुस" भनि सहारा माग्दछन् । उनको अरु कुनै सम्पत्ती छैन उनको सौकी रू ११०० । छ । उनी १० वर्ष देखि कमैया बस्न थालेका हुन् ।

भगरागढी वडा नं. २ लक्ष्मी पौडेलका कमैया खुशी राम थारु वर्ष ३५ लाई ६ वर्ष देखि बसेको मा गएको वर्ष कमैया छोड्न खोज्दा कैद गर्ने धम्की दिइएको थियो ।

बुचुवा थारु बर्ष २४ वडा नं. ५ नयाँ गाउँले जन्मेका केटा केटी उपचार खर्च नभएर सबै मरे" भन्ने गुनासो गरे

१०. <u>अस्वस्थ कमैया प्रथाको उन्मुलन कसरी</u> ?

कमैया प्रथाको उन्मुलन गरी रोजगारीको लागि अर्को व्यवस्था गर्नु र कमैयाको जीवन स्तर उकास्न अल्पकालीन दीर्घ कालीन उपायहरुको अवलम्बन गर्ने गरी

१) सरकारी क्षेत्र

२) सामाजिक क्षेत्र

३) किसान र जग्गावालाहरुको क्षेत्र

४) कमैयाहरुको आफ्नै क्षेत्रबाट

कार्यक्रमहरु निर्धारण गर्नु पर्ने हुन्छ । यसको अलावा कर्मैयाहरुको लागि

१. स्वास्थ्य उपचारको व्यवस्था मालिकहरुबाट हुनु पर्ने

२. हालसम्मको कर्जा सौकी, ऋण, सापट माफी हुनु पर्ने

३. गुमेको जग्गा जमिन फिर्ता गराउनु पर्ने

४. कामको लागि एक व्यक्ति एक सम्झौताको व्यवस्था हुनु पर्ने

५. अपाङ्ग, रोगी, बृद्ध र अनाथ कमैयाका परिवारहरुको लागि अशक्त जीवन मानवीय मूल्यको आधारमा विताउन पाउने व्यवस्था गर्नु पर्ने

सारांशमा जसको जोत उसको पोतको आधारमा कमैयाहरुको मोही दर्ता व्यवस्थाको स्थापना गरी मोहीयानीहक कानून बमोजिम दिलाएर कमैयाहरुको नागरिक जीव्न सुरक्षित गरिनुपर्दछ ।

अनुसूचि - १

अध्ययन गरिएका गा. वि. स. हरुको नाम

जिल्ला बर्दिया

१. राजापुर
२. भिम्मापुर
३. दौलतपुर
४. नयाँ गाउँ
५. बदालपुर
६. मनाउ
७. पाताभार
८. पशुपतिनगर
९. गोला
१०. मानपुरटपरा
११. खैरी चन्दनपुर
१२. ढोढरी
१३. सूर्य पटुवा
१४. ठाकुरद्वारा
१५. बगनाहा
१६. तारातात
१७. सानो श्री
१८. बनिया भार
१९. मगरा गढी
२०. पदनाहा
२१. डेउढाकला
२२. वेलवा
२३. खैरापुर
२४. गुलरिया
२५. मथुराहरद्वार
२६. मोहम्मदपुर
२७. सोरहवा
२८. जमुनी
२९. कालिका
३०. शिबपुर
३१. मोतीपुर
३२. मानपुर मैना पोखर
३३. धधवार र
३४. नेउलापुर